म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २९५ २०८१ असोज १ गते मंगलबार 17 September 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




## बागमतीमा भौतिक पूर्वाधारका १७६ योजना कार्यान्वयन भएन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको पूर्वाधार विकाससम्बन्धी एक सय ७६ आयोजनाहरु कार्यान्वयनमा आउन सकेको छैन । गत आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् कार्यान्वयन गरिएको एक सय ७६ आयोजना अघि बढ्न नसकेको हो ।

मन्त्रालयको वार्षिक स्वीकृत बजेटमा समावेश भएको उक्त कार्यक्रम छनोटमा त्रुटि हुँदा कार्यान्वयनमा समस्या भएको हो । मन्त्रालयका अनुसार पूर्वतयारीबिना बजेट कार्यक्रम समावेश हुँदा योजना कार्यान्वयन हुन नसकेको हो ।

बजेटमा समावेश गरिएको सो एक सय ७६ आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण नहुँदा कार्यान्वयन हुन नसकेको मन्त्रालयका सचिव अमृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रम छनौट भई बजेट विनियोजन भए पनि विविध विवाद र स्थानीय तहको चासो कम हुँदा ती आयोजनाहरु कार्यान्वयन नभएको हो ।

कार्यान्वयन नभएका आयोजनाहरुमा प्रदेश सरकारको बजेट विनियोजन भएका सडक पूर्वाधार निर्माणका ६६ वटा रहेका छन् भने ५६ वटा सडक पुल निर्माण, ६ वटा झोलुंगे पुल निर्माण, ३२ वटा भवन निर्माण, ५ वटा अन्य सार्वजनिक निर्माणका रहेका छन्। संघीय सशर्त अनुदानअन्तर्गतको सडक निर्माणका ५ र सडक पुल निर्माणका ६ वटा आयोजना रहेका छन् ।

### १८८ अधुरा योजना

प्रदेश सरकारले गत आर्थिक वर्षमा कार्यान्वयन गरेको एक सय ८८ वटा योजनाहरु अधुरा रहेका छन् । बहुवर्षीयबाहेक एक सय ८८ योजनाहरु कार्यान्वयनको चरणमा गए पनि पूर्णता भने पाउन सकेनन् ।

मन्त्रालयको तथ्यांकअनुसार प्रदेश सरकारले सञ्चालन गरेको सडक निर्माणका एक सय २ योजनाले पूर्णता पाउन सकेनन् भने सडक पुल निर्माणका ६२, झोलुंगे पुल निर्माणका ५, भवन निर्माणका १५ वटा योजनाहरु रहेका छन् । संघीय सशर्ततर्फ कार्यान्वयन गरिएको सडक पुल निर्माणका ३ वटा योजना, विशेष अनुदानतर्फको भवन निर्माणका एउटा योजनाले पूर्णता पाउन सकेन ।

त्यस्तै, प्रदेश सरकारले बजेट कार्यान्वयनबाट २ हजार बढी सडक पुल तथा भवनहरु निर्माण भएका छन् । मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा बजेट कार्यक्रममा स्वीकृत २ हजार ७ सय १७ आयोजनामध्ये २ हजार एक सय ८१ योजनाहरु सम्पन्न भएका हुन् ।

मन्त्रालयले प्रदेशको बजेटबाट सडक निर्माणका २ हजार एक सय ७ योजनामध्ये १ हजार ८ सय ६७ योजना सम्पन्न भएको छ भने सडक पुलतर्फ २ सय ४ मध्ये ३७ योजना सम्पन्न भएको छ । झोलुंगे पुल निर्माणतर्फ ३१ वटा आयोजना रहेकोमा १२ वटा, भवन निर्माणका एक सय ८० वटा आयोजनामध्ये एक सय ३३ र अन्य सार्वजनिक निर्माणका ३१ मध्ये २६ योजना सम्पन्न भएको छ ।

संघीय सशर्त अनुदानअन्तर्गत ८८ वटा सडक निर्माण आयोजनामध्ये ७२ वटा सम्पन्न भएका छन् भने सडक पुल निर्माणका ३४ आयोजनामध्ये ६ वटा सम्पन्न भएका छन् । संघीय समपूरक अनुदानतर्फ सडक निर्माणका ४० आयोजनामा २८ वटा सम्पन्न भएको छ ।

### भौतिक पूर्वाधारका ३६५ बहुवर्षीय आयोजना

प्रदेशमा सडक, पुल तथा भवन निर्माणका ३ सय ६५ बहुवर्षीय आयोजनाहरु सञ्चालनमा रहेका छन्। गत आर्थिक वर्षमा प्रदेश सरकारले आन्तरिक तथा संघीय अनुदानमार्फत् ३ सय ६५ बहुवर्षीय योजनाहरु कार्यान्वयनको चरणमा रहेको छ ।

प्रदेश सरकारले आन्तरिक स्रोततर्फबाट गत आर्थिक वर्षमा सडक निर्माणका एक सय ६२ आयोजनाहरु कार्यान्वयन गरेको थियो भने सडक पुल निर्माणका एक सय ६ आयोजना, झोलुंगे पुल निर्माण १४, भवन निर्माण २४ र अन्य सार्वजनिक निर्माणका ५ वटा बहुवर्षीय आयोजना कार्यान्वयनमा रहेका छन् । संघीय सशर्त अनुदानवापत प्रदेशमा सडक निर्माणका ११ र सडक पुल निर्माणका १९ वटा बहुवर्षीय योजना कार्यान्वयनमा रहेको छ। समपूरक अनुदानअन्तर्गत सडक निर्माणका १३ वटा, विषेश अनुदानतर्फ भवन निर्माणका बहुवर्षीय २ आयोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

## बागमती प्रदेशसभा बैठक ६ असोजमा बस्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक यही ६ असोजका लागि आह्वान गरिएको छ। बैठक असोज ६ गते आइतबार दिनको १ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

गत १६ साउनमा विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेसँगै स्थगित भएको प्रदेशसभा बैठक डेढ महिनापछि बस्न लागेको हो । प्रदेशसभा बैठकमा प्रदेशसभाअन्तर्गतका विभिन्न संसदीय समितिहरूबाट पारित भएका विधेयकका प्रतिवेदनहरु प्रस्तुत हुने कार्यसूची रहने प्रदेशसभा सचिवालयले जनाएको छ ।

यद्यपि बैठकको कार्यसूची तय गर्न ५ असोजमा कार्यसम्पादन समितिको बैठक आह्वान गरिएको छ। शनिवार दिउँसो ३ बजे बस्ने बैठकले संसद्को कार्यसूची तय गर्ने प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिनुभयो । प्रवक्ता गुप्ताका अनुसार ६ असोजमा बस्ने प्रदेशसभा बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट पारित भएको दुई वटा र उद्योग, पर्यटन तथा वातावरण समितिबाट पारित भएको एउटा प्रतिवेदन संसदमा

...बाँकी पृष्ठ ३ मा

## मकवानपुर क्याम्पसका ११९ विद्यार्थीलाई पूर्ण छात्रवृत्ति



*विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गर्नुहुँदै क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले कक्षा १२ मा अध्ययनरत एक सय १९ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। शुक्रबार एक कार्यक्रमका बीच छात्रवृत्ति प्रदान गरिएको क्याम्पसका प्राचार्य सन्देश बिडारीले जानकारी दिनुभयो ।

कक्षा १२ मा अध्ययनरत मानविकी, विज्ञान, शिक्षाशास्त्र र व्यवस्थापन संकायका एक सय १९ जना विद्यार्थीलाई ५० लाख रुपैयाँ बराबरको पूर्ण छात्रवृत्ति वितरण गरिएको प्राचार्य बिडारीले जानकारी दिनुभयो ।

मकवानपुर बहुमुखी क्याम्पसका प्राचार्य सन्देश बिडारीको सभाध्यक्षतामा र क्याम्पस प्रमुख डा. यम बहादुर सिलवालको प्रमुख आतिथ्यमा छात्रवृत्ति वितरण कार्यक्रम भएको हो। कार्यक्रममा क्याम्पसका सहायक क्याम्पस प्रमुख संगम चौलागाई, उत्तम अर्याल, दिनेश बिडारी तथा विभिन्न संकायका संकाय प्रमुखहरूको पनि उपस्थिति रहेको थियो । मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा १२ मा एक हजार दुई सय जना विद्यार्थी अध्ययनरत छन् ।

हार्दिक आभार



मिति २०८१ भाद्र २८ र २९ गते सम्पन्न जुझारु युवाहरुको साझा संगठन **राष्ट्रिय युवा संघ नेपाल मकवानपुर जिल्ला कमिटीको दशौं अधिवेशन**बाट मलाई सर्वसम्मत अध्यक्षको जिम्मेवारी दिनुहुने प्रतिनिधि युवा साथीहरु, मलाई मार्गनिर्देश गर्नुहुने पार्टीका आदरणीय नेता गण, युवा संघका अग्रज पदाधिकारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। अधिवेशन उद्घाटन सत्रमा पाल्नुहुने प्रमुख अतिथि राष्ट्रिय युवा संघ नेपालका केन्द्रिय अध्यक्ष आदरणीय क. क्षितिज थेवे, केन्द्रिय पदाधिकारी ज्युहरु, पार्टी केन्द्रिय सदस्य ज्युहरु, जिल्ला पार्टीको नेतृत्व, झाँकीसहितको ऱ्यालीमा सहभागी सम्पूर्ण, मौलिक पञ्चेबाजा टोली, धिमेबाजा टोली, हेटौंडा १३ का पार्टी नेतृत्व, महिला संगठन, अन्य जनसङ्गठन, स्थानीय समुदाय, पदमपोखरी पार्टी प्यालेस परिवार, आयोजक टिमप्रति हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछु। साथै बन्द सत्रको अध्यक्ष मण्डलका अध्यक्ष केन्द्रिय सचिव क. महेश चौलागाईं नेतृत्वको निर्वाचन कमिटी, स्वयम्सेवक, सञ्चारकर्मी, सुरक्षाकर्मी, अहोरात्र खटेर मेरो नेतृत्वमा सर्वसम्मतरुपमा जिल्ला कमिटी निर्माणमा सहयोग पुऱ्याउनुहुने तपाईं सबै कमरेडहरु प्रति हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछु।

**राजेश नगरकोटी**
**अध्यक्ष**
**राष्ट्रिय युवा संघ नेपाल**
**मकवानपुर जिल्ला कमिटी**



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# संविधान संशोधनको औचित्य

संविधानसभाले बनाएको संघीय गणतान्त्रिक संविधान जारी भएको ९ वर्ष भएको छ । २०७२ असोज ३ गते नेपालको संविधान जारी भएको थियो । यही दिनको स्मरणमा आउँदो बिहीबार संविधान दिवस मनाइँदैछ । संविधान कार्यान्वयनमा आएको ६ महिना नपुग्दै २०७२ फागुनमा पहिलो पटक र २०७७ असारमा दोस्रो पटक संविधान संशोधन भइसकेको छ । पछिल्लो समय कांग्रेस-एमालेबिच सत्ता गठबन्धन हुने समयमै संविधान संशोधनको सहमति गरिएको छ । देशमा शान्ति, राजनीतिक स्थायित्व, विकास र समृद्धिको अपेक्षासहित जारी भएको संविधानले नागरिकको अपेक्षा पूरा गर्न सकेको छैन । सरकार तथा राजनीतिक दलहरु संविधान कार्यान्वयन र पालनामा गम्भीर नबन्दा संविधानले गरेको अपेक्षा पूरा हुन नसकेको हो । राजनीतिक सहमति गरेर संविधानविपरित काम गर्ने परिपाटी अहिले पनि कायमै छ । संविधानको इमान्दारीसाथ पालना गरी संविधान कार्यान्वयनमा चुकेका राजनीतिक दलहरु फेरि संविधान संशोधनको खेलमा लागेका छन् ।

संविधान जारी भएको ९ वर्षसम्म पनि संविधानअनुकूलका ऐन, कानुन बन्न सकेका छैनन् । प्रदेश सरकारलाई संविधानले दिएको अधिकार प्रत्यायोजन गर्न सकिएको छैन । कतिपय कामहरु संविधानको प्रावधान, मर्म र भावनाविपरित सरकारले गरिरहेको छ । जनताको प्रतिनिधिको रुपमा अहिलेका प्रमुख राजनीतिक दलहरुकै नेताले बनाएको संविधान कार्यान्वयन गर्न नसक्नु र संशोधन गरिरहनुले उनीहरुकै कमजोरी देखिन्छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल नहुने गरी संविधान संशोधन गर्न सकिने भए पनि ठोस औचित्यबिना संविधान संशोधन गर्नु उचित हुँदैन । कांग्रेस-एमालेबिच सत्ता गठबन्धनको सहमति नर्गे क्रममा हालको निर्वाचन प्रणालीले मुलुकमा राजनीतिक अस्थिरता बढाएको भन्दै निर्वाचन प्रणालीलगायतका विषय संशोधन गरिने बताइएको भए पनि अहिलेकै अवस्थामा संविधान संशोधन त्यति सजिलो छैन ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अग्रगामी काम हुने गरी संविधान संशोधन हुने बताएका छन् । आइतबार कांग्रेसले हेटौंडामा आयोजना गरेको अभिमुखीकरणमा बोल्दै उनले संविधानलाई अझै आकर्षक, लोकप्रिय र मुलुकमा स्थिर सरकार दिने कुरालाई ध्यानमा राखेरमात्र संविधान संशोधन गनुपर्ने बताएका हुन् । निश्चित कार्यकालभन्दा बढी राष्ट्रपति र प्रधानमन्त्री बन्न नपाउने व्यवस्था संविधानमै तोकिनुपर्ने उनको भनाइ छ । संविधान संशोधन गरेर सरकार गठन हुने प्रक्रियामा पनि परिवर्तन गर्नुपर्ने उनको धारणा छ । जसले जे भने पनि अहिले संविधान संशोधनको विषय अगाडि आउनुमा राजनीतिक दलहरुको सत्ता स्वार्थ नै प्रमुख चिन्ता रहेको बुझ्न कठिन छैन । मुलुकका राजनीतिक दलहरु कहिल्यै देश र जनताको लागि चिन्तित भएनन् । उनीहरुको चिन्ता र चासो सधैं सत्ता र शक्तिमै केन्द्रित भएको विगतका थुप्रै परिघटनाले पुष्टि गर्दछ ।

अहिलेको संविधान दुई पटकसम्म संविधानसभाको निर्वाचनबाट बनेको हो । लामो संघर्ष, बलिदान, नेपाली जनताको उत्कट प्रतीक्षा र धैर्यताकै कारण संविधानसभाले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान जारी गर्न सफल भएको हो । संविधान विज्ञसहित संविधानसभाका छ सय एक सदस्यले बनाएको वर्तमान संविधान उत्कृष्ट भए पनि कार्यान्वयन फितलो हुँदा प्रभावहीन बनेको छ । सत्तामोह र राजनीतिक स्वार्थमा रुमल्लिँदासम्म जति पटक संविधान संशोधन गरेर जेसुकै व्यवस्था गरे पनि अर्थ रहँदैन । दुई पटक संशोधन भइसकेको संविधान फेरि संशोधनको तयारीमा प्रमुख दुई दल जुटेका छन् । संविधानमा भएको कुनै प्रावधान नै देशको विकास र समृद्धिमा तगारो बनेको हो भने औचित्य पुष्टि हुने गरी सबै राजनीतिक दलहरुको सहमतिमा संविधान संशोधन गर्नुपर्छ । ठोस औचित्यबिना बारम्बार संविधान संशोधन गर्दा संविधानप्रतिको आस्था र विश्वास अझै कमजोर हुन सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार– व्यवसाय मध्यमकारक रहने योग छ । |
| वृष | : संयमताका साथ अगाडि बढ्दा राम्रो रहने छ । |
| मिथुन | : पारिवारीक प्रयोजनका लागि खर्च बढ्ने छ । |
| कर्कट | : साहित्य र संगीतका काममा मन जाला । |
| सिंह | : बोलीमा मिठास देखिने समय योग छ । |
| कन्या | : महत्वपूर्ण निर्णय गर्नु भन्दा अगाडि विचार गर्नु पर्ला । |
| तुला | : सामाजिक काममा मन जाने समय योग छ । |
| वृश्चिक | : धार्मिक कृत्यमा सरिक र लाभ प्राप्त होला । |
| धनु | : लेखाइमा विशेष प्रगति हुने समय योग छ । |
| मकर | : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । |
| कुम्भ | : अर्कोको कामका लागि समय व्यतित हुने छ । |
| मीन | : लक्ष्य प्राप्तिको महत्वकांक्षामा केन्द्रित भइने छ । |

# विद्याभूषण पदकहरु उधारो बन्दै



✍ रमेश प्रसाद लामिछाने



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

राष्ट्रिय शिक्षा दिवस, २०८१ सम्बन्धी सूचना!!!

राष्ट्रिय शिक्षा दिवस, २०८१ को अवसरमा प्रदान गरिने नेपाल विद्याभूषण "क", "ख" र "ग", नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक "क" र "ख" एवं छात्रा पुरस्कारका लागि आवेदन पेश गरी छनोट हुनुभएका महानुभावहरुको नामावली शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moest.gov.np मा मिति २०८१/०६/०२ गते बुधबारका दिन सार्वजनिक गरिने साथै राष्ट्रिय शिक्षा दिवस, २०८१ को कार्यक्रम पुस्तिकामा नाम प्रकाशन समेत गरिनेछ । उक्त नेपाल विद्याभूषण "क", "ख" र "ग", नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक "क" को लागि छनोट हुने महानुभावहरुलाई प्रदान गरिने पदक र प्रमाणपत्र वितरणको कार्यक्रमको मिति पछि प्रकाशित गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. सामान्य अर्थमा पुरस्कार तथा ईनाम भनेको असल र राम्रा कामका लागि आभार एवम् धन्यवाद प्रदान गर्नु हो । सही कार्यको निरन्तरताको प्रोत्साहन हो । असल उदाहरणको प्रशंसा पनि हो । उत्कृष्टताको कदर र सम्मान हो । पुरस्कृत गर्दा प्रमाणपत्रसहित नगद वा मेडल प्रदान गरिने परम्परा रहँदै आएको पाईन्छ । प्राचिनकालमा सिपाही तथा लडाकु र वीर योद्धाहरुले लडाईंमा युद्ध कौशलता प्रदर्शन गरी विजय हासिल गरेकालाई उच्च सम्मानका साथ पुरस्कार स्वरुप पदोन्नति गरिएका घटनाहरु इतिहासमा पढ्न सकिन्छ । पुरस्कार र दण्ड दुबैको प्रयोग मानव सभ्यताको विकास क्रमसँग जोडिएको पाइन्छ । अधिकांशले पुरस्कार र दण्डलाई एकै सिक्काका दुई अभिन्न पक्षका रुपमा स्विकार गरेको हामीले सहजै देखेका छौं । बेठीक अर्थात गलत काम गरेका लाई दण्ड दिनैका लागि कसुरको व्याख्या गर्ने काममा अदालतहरु अभ्यासमा आएको पाईन्छ ।

आर्थिक दण्ड मात्र नभई जेलनेलदेखि मृत्युदण्डसम्मका सजायका प्रसंगहरुबाट हामी अनभिज्ञ छैनौं । शासक अर्थात सरकारका दृष्टिमा राम्रो लागेकाहरु पुरस्कृत हुने र गलत अर्थात बेठीक देखिएकाहरुले दण्ड पाउने संस्कार पनि प्राचिन परम्परासँग जोडिएको भेटिन्छ । यहाँ शासकहरु भन्नाले स्थानीय तहका टोल, गाउँ, नगर, प्रदेश हुँदै राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरसम्मका संगठित र असंगठित संस्थाहरु जुन राज्यका प्रत्यक्ष अप्रत्यक्ष अंगहरुका नेतृत्वकर्ताहरु मानिएका छन् ।

२. सन्दर्भलाई नेपालमा शिक्षा दिवसमा प्रदान गरिने पदकहरुसँग जोड्न खोजिएको हो । तत्कालिन राजा वीरेन्द्रको पालामा वि.सं. २०३१ सालदेखि फागुन १२ गतेका दिन शिक्षा दिवस मनाउने र उक्त दिन शिक्षा सम्वद्ध उत्कृष्ट नतिजा हासिल गरेका र सरकारका दृष्टिमा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गर्ने प्रचलन प्रारम्भ भएको भनिएको छ । राजतन्त्रको अन्त्यसँगै गणतन्त्रको स्थापना पश्चात सम्भवतः नयाँ संविधान जारी हुन बाँकी रहेको भन्दै वि.सं.२०६६ देखि २०७० सालसम्म शिक्षा दिवस मनाएको पाइँदैन । यसपछि अन्तर्राष्ट्रिय साक्षरता दिवस (८ सेप्टेम्बर) का दिनलाई नै शिक्षा दिवस मनाउने क्रम पनि नौं वर्षसम्म कायम रह्यो ।

अनिवार्य तथा निशुल्क शिक्षा ऐन-२०७६ जारी भएको दिन भन्दै आश्विन २ गतेलाई शिक्षा दिवस मनाउने भनेर २०८० सालदेखि असोज २ गते शिक्षा दिवस मनाउन थालियो । कुन तिथि, मितिमा शिक्षा दिवस मनाउने सवालमा यहाँ चर्चा गर्न खोजिएको होईन । यो निर्णय गर्ने सरकारको काममा तर्क वितर्क गर्नुको कुनै अर्थ छैन जस्तो लाग्छ । संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिमा नेपाल सरकारको तर्फबाट सन १९९० सेप्टेम्बर १४ का दिन हस्ताक्षर भएको दिनलाई स्मरणार्थ गणतन्त्रको स्थापना पश्चात राष्ट्रिय बाल दिवस भाद्र ४ गतेलाई भाद्र २९ गते मनाउने निर्णय पनि पछिल्लो सन्दर्भको उदाहरण हो ।

३. शिक्षा दिवसमा उत्कृष्ट शैक्षिक नतिजा हासिल गरेका विद्यार्थीलाई नेपाल विद्याभूषण 'क', 'ख' र 'ग', त्यस्तै नेपाल छात्रा विद्या पदक 'क' र 'ख', अनि नेपाल प्राविधिक विद्याभूषण नामका पदकहरु प्रदान गरिन्छ । यी पदकहरु विश्वविद्यालय तहमा अध्ययन गरी विद्यावारिधिको उपाधि पाएका, एमफिल तथा स्नातकोत्तर तहमा उत्कृष्ट नतिजा प्राप्त गरेका र स्नातक तह समेतमा उच्च अंक श्रेणी हासिल गरेका विद्यार्थीहरुलाई प्रोत्साहन तथा सम्मानसँग जोडिएका छन् । गणतान्त्रिक शासन व्यवस्थाको घोषणा पूर्व यस प्रकारका पदकहरु राजा, रानी र उनीहरुकै वंशजसँग जोडेर नामाकरण हुने प्रचलन थियो । विद्यालय तहका विद्यार्थीहरुका सन्दर्भमा भने यस प्रकृतिका पदक पुरस्कार प्रदानको व्यवस्था छैन ।

शिक्षक, प्राध्यापक, शिक्षा प्रशासनका कर्मचारी, समितिका पदाधिकारी, शिक्षण संस्थाका संस्थापकहरु, शिक्षा पत्रकारहरु, शिक्षासेवीहरु, शिक्षा सम्वद्ध व्यक्तित्वहरु र शिक्षण संस्थाहरु समेतलाई शिक्षा दिवसका दिन सम्मानस्वरुप प्रमाणपत्रसँगै पदक, ग्रेडवृद्धिबाट कदर गरिने गरिएको छ । राष्ट्रियस्तरबाट प्रोत्साहन तथा सम्मान गरिँदै आएको यो प्रचलन पछिल्ला वर्षहरुमा सरकारले निर्णय गरेर प्रदेश तथा स्थानीय तहलाई नै यो अभिभारा सुम्पिएको छ । सम्बन्धित तहका सरकारले पुरस्कृत गर्न योग्य ठानेमा मात्र व्यक्ति तथा संस्थाहरु छनौट हुनेछन् ।

४. मुख्य सवाल उधारो पदकसँग जोडिएको छ । गत वर्ष शिक्षा दिवसका दिन घोषणा भएका विद्याभूषण पदकहरु हालसम्म पनि वितरण नभएको समाचार बाहिर आउँदा राष्ट्र नै लज्जित बन्नु पर्ने हो । यस वर्ष पनि असोज २ गते अर्थात शिक्षा दिवसका दिन घोषणा भइरहेका विद्यार्थीका उल्लेखित पदकहरु हाल प्रदान गर्न नसक्ने भनी विज्ञप्ति जारी गरिरँहदा थोरै शरम लाग्नु पर्ने हो । यो भन्दा खेदपूर्ण र रहस्यात्मक स्थिति केमा हुन सक्छ होला ? साठी लाख मात्र बजेट छ, यी सबै पदकका लागि चार करोड बजेट मागेका छौं, त्यो अहिलेसम्म प्राप्त भएको छैन भनिरहँदा राष्ट्रिय बेईज्जत भएन र ? सम्मान, पुरस्कार पनि उधारो हुने मुलुकका नागरिक भन्नु पर्दा आम नेपालीले शिर झुकाउनु परेको छ ।

सम्मान तथा पुरस्कार र पदक मागिने वस्तु वा हक अधिकारका कुरा नहुन सक्छन् । उत्तम र उत्कृष्टताका लागि प्रदान गरिने सम्मान र पदक सकिँदैन भने कार्यक्रम नै स्थगन गर्न कसैले रोकेको छ र ? अर्बौं रुपैयाँ फजुल खर्च गर्ने, अनावश्यक व्यक्ति र संस्थालाई करोडौं अनुदान दिन, सयौं बहाना बनाउन सक्ने, व्यापक भ्रष्टाचारको आहालमा डुबेको शैक्षिक क्षेत्र शिक्षा दिवसमा विद्यार्थीलाई उधारो पदकको कुरा बाहिर आउनु नै अत्यन्त दुर्भाग्य हो । यस प्रकारको हर्कत कुनै पनि कोणबाट गम्भीर आलोच्य बन्छ र अबिलम्ब सच्याउनु पर्दछ ।

५. अन्तमा, पुरस्कार र पदक कुनै हालतमा उधारो हुनु हुँदैन । सकिँदैन भने बजेट नभएकाले सकिएन भन्दै सम्मान तथा पुरस्कार पदक प्रदानका कार्यक्रम स्थगन गर्नु उपयुक्त हुन्छ । यहाँ कस्ता व्यक्ति पुरस्कृत हुने भन्नेमा बहस गरिएन । सम्मानित गरिने तथा पदक प्रदान गरिने व्यक्तिहरु कलंकित तथा अयोग्य हुनै हुँदैन । मापदण्डका सवालमा पनि चर्चा गरिएन । उत्कृष्ट नतिजाका बारेमा भने को व्यक्ति छान्ने भनेर दलीय भागबण्डा लगाउनै परेन । सजिलैसँग नतिजाले स्पष्ट बनाउने र तोक्ने सवालमा चर्चा गरेर समय बर्बाद गर्नै परेन । स्थानीय तह वा प्रदेश सरकारका तर्फबाट शिक्षा सम्वद्ध उल्लेख्य योगदान गरेका शिक्षक, प्राध्यापक, शिक्षा प्रशासनका कर्मचारीहरु, समितिका पदाधिकारीहरु, शिक्षण संस्थाका संस्थापकहरु, शिक्षा पत्रकारहरु, मिडियाहरु, उदाहरणीय शिक्षण संस्थाहरु शिक्षा दिवसका दिन सम्मानित हुँदा सकारात्मक संचार प्रवाह हुन्छ । आम नागरिकका गौरव र स्वाभिमानसँग गाँसिएका पक्षहरुमा अस्वभाविक हर्कतहरु कदापि स्वीकार्य नहुने भएकाले शिक्षा सम्वद्ध महत्वपूर्ण र प्रशंसनीय योगदान गरेका निष्कलंकित एवम् सदाचारी व्यक्तिहरु र मुलुककै उदाहरणीय सबै प्रकारका शिक्षण संस्थाहरुबाट छनौट गरी, गरिने सम्मानबाट शिक्षामा प्रवाह हुने थप प्रोत्साहन र उर्जाले अपेक्षित नतिजा हासिल हुने विश्वास गर्न सकिन्छ ।

*(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# "उहाँको मन्तव्यले पलाएको आशा"



✍ दुर्गा कुमारी खड्का मिश्र

कुरो हो २०८१ भाद्र २५ गते । दशौं सभा परेको थियो, जिल्ला समन्वय समिति मकवानपुरको । सौभाग्यले मैले उक्त कार्यकममा सहभागी हुने अवसर प्राप्त गरेको थिएँ । विभिन्न राजनीतिक पार्टीका जिल्लास्तरका प्रमुखज्यूहरु, कार्यालय प्रमुखज्यू, पत्रकार र संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरुको बाक्लो उपस्थिति थियो । उक्त कार्यक्रममा आफु जनस्वास्थ्यकर्मी भएकोले मकवानपुर जिल्लाको स्वास्थ्य स्थिति, प्राथमिकताका क्षेत्रहरु के कस्ता रहेछन् ती जनप्रतिनिधि ज्यूहरुको भनेर निक्कै धैर्यता तथा उत्सुकतका साथ सवैलाई सुन्दै गएँ ।

केही राजनीतिक दलका प्रमुखहरु साँच्चै बोल्नु भयो । स्वास्थ्यलाई केन्द्रविन्दुमा राखेर जनताले पाउनु पर्ने आस्पतालका सबै सेवा र सुविधा निःशुल्क पाउनु पर्ने भन्नेमा उहाँहरुको विशेष जोड थियो । कुनै दाता वा सरकारले जनताका लागि निःशुल्क भनेर प्रचार गरे तापनि उपचारात्मक सेवा कति महङ्गो र खर्चिलो छ । जनमानसले स्वास्थ्य सेवा सित्तैमा पाएको भन्ने सोचाई राख्दछ । अन्तमा प्रमुख आतिथिज्यूको मन्तव्यको पालो आयो । उहाँको स्वास्थ्य सम्बन्धी मन्तव्य निक्कै ओजिलो थियो । उहाँले "धेरै आस्पताल किन चाहियो, कति खर्चिलो हुन्छ उपचारात्मक सेवा; हामी हाम्रो खानपान र जीवनशैलीलाई सुधार गर्यौं भने धेरैजस्तो विरामी हुनबाट जोगिन सक्छौं नि हैन र ?" भनेर सहभागीहरुलाई ध्यानाकर्षण स्वरूप प्रश्न सोध्नु भयो ।

उहाँको यस प्रकारको प्रवर्धनात्मक स्वास्थ्य सम्बन्धी चासो र संवेदनशीलातालाई देखेर म चाहिँ निक्कै हर्षित र आशावादी बनेँ । हो, हामीलाई विरामी पर्दा स्वास्थ्य संस्था चाहिन्छ तर धेरैजसो सर्ने र नसर्ने रोगहरु (खासगरी डाईवेटिज, उच्च रक्तचाप, क्यान्सर र मानसिक रोग) लाई हाम्रो जीवनशैली परिवर्तनले नियन्त्रणमा ल्याउन सकिन्छ भन्ने कुरामा म चाहिँ विश्वस्त छु । म त्यसको एक उदाहरण पनि हुँ ।

प्रमुख अतिथिज्यूको मन्तव्यमै फेरी फर्किदा अब यस प्रदेशका स्वास्थ्यसँग सरोकार राख्ने सबै संघ संस्था र व्यक्तिहरुले प्रवर्धनात्मक स्वास्थ्यका लागि थप केहि गर्ने छन् । स्वास्थ्य प्राविधिकहरु जो दुरदराजमा कार्यरत हुनुहुन्छ । अब उहाँहरुमा जनताको घरघरमा भेट गर्नु हुनेछ, विभिन्न सचेतनामूलक काम गर्नु हुनेछ र धेरै भन्दा धेरै व्यक्तिहरु स्वस्थ रहन सहयोग गर्नु हुनेछ । सरकारले पनि रोग रोकथाम र प्रवर्धनका कार्यहरुमा विशेष ध्यान दिनेछ । आवश्यक बजेट विनियोजन गर्नेछ । अनुगमन तथा मूल्यांकन गर्नेछ । रोगबाट बच्नका लागि उल्लेखनीय काम गर्ने संघ संस्था, स्वास्थ्यकर्मी, बहस पैरवी गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्नेछ । धेरै-धेरै धन्यवाद प्रमुख आतिथिज्यू बागमती प्रदेशका माननीय मुख्यमन्त्री बहादुर सिंह लामाज्यू । हजुरको मन्तव्य सफलिभूत होस् ।

*(जनस्वास्थ्यकर्मी तथा डीन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान)*

# राज्यशक्ति र स्रोत जनतामा निहित: मन्त्री लामिछाने

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले संविधानले राज्यशक्ति र स्रोतको अधिकार जनतामा निहित गरेको बताउनु भएको छ। उहाँले संविधानले राष्ट्रिय सार्वभौमिकतालाई जनतामा निहित गर्दै समानुपातिक, समावेशी र सामाजिक न्यायको परिकल्पनासहित संघीय संरचनाको व्यवस्था गरेको बताउनुभयो।

मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री लामिछानेले समाजवादको लक्ष्यसहित सुखी नेपाली समृद्ध नेपालको परिकल्पना संविधानमा नै गरिएको बताउनुभयो। नागरिकहरुको बलिदानबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै आर्थिक विकास र समृद्धिको यात्रामा अघि बढ्नुपर्ने उहाँको भनाइ छ।

व्याप्त विकृति, विसंगति र उत्पीडनको अन्त्य गर्दै संविधानको व्यवस्थाअनुसारको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई एक सूत्रमा बाँधेर अघि बढ्नुपर्ने मन्त्री लामिछानेले बताउनुभयो। उहाँका अनुसार विभिन्न चरणको जनआन्दोलन र विद्रोहबाट प्राप्त राजनीतिक उपलब्धीहरुलाई संस्थागत गर्न संविधानको पूर्ण कार्यान्वयन अपरिहार्य रहको छ।

जनताको बलबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न संविधान दिवस २०८१ लाई भव्यरुपमा मनाउन उहाँले अपिल गर्नुभयो। संविधान दिवसलाई थप भव्य बनाउन प्रदेश सरकारले पनि ४३ सदस्यीय समति गठन गरेर विभिन्न कार्यक्रमहरु अघि बढाएको मन्त्री लामिछानेको भनाइ छ।

संविधान दिवसको अवसरमा असोज १ देखि ३ गतेसम्म निबन्ध लेखन, सरसफाई, प्रभातफेरी, खेलकुद प्रतियोगिता, वृक्षरोपण, कृतिम अंग वितरण तथा एसईईमा उत्कृष्ट अंक प्राप्त गर्ने सामुदायिक विद्यालयका छात्रछात्रालाई नगदसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको मन्त्री लामिछानेले बताउनुभयो।

## बागमती प्रदेशसभा...

प्रस्तुत हुनेछ। प्रदेशसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन पेश हुनेछ। यस्तै, उद्योग, पर्यटन तथा वातावरण समितिले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन पेश गरिनेछ।

समितिहरुबाट दफाबार छलफल गरी संशोधनसहित पारित भएका विधेयकका प्रतिवेदनहरु प्रदेशसभा सचिवालयमा दर्ता भइसकेको र तीनै विधेयकका प्रतिवेदनहरुमाथि सदनमा छलफल हुने सचिवालयले जनाएको छ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।



सम्पादक।

# कर्मचारी सञ्चय कोषमा ५७५ हजार सञ्चयकर्ताको ५१८ अर्ब रुपैयाँ

समाज संवाददाता

हेटौंडा: कर्मचारी सञ्चय कोषको ६३ औं वार्षिकोत्सवको अवसरमा कोषको हेटौंडा शाखाले एक समारोहका बीच वार्षिकोत्सव मनाएको छ। सोमबार शाखाका कार्यालय प्रमुख दिलिप पौडेलको सभाध्यक्ष तथा बागमती प्रदेशका मुख्यमन्त्री कार्यालयका निमित्त प्रमुख सचिव कृष्णकुमार कार्कीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रममा बोल्नुहुँदै शाखाका प्रमुख पौडेलले राष्ट्रका लागि आफ्नो उर्जावान समय व्यतित गर्दै राष्ट्र सेवामा योगदानरत कर्मचारीहरुको अवकाशपछि उनीहरुको जीवनलाई आर्थिकरुपले सवलीकरण गर्ने काम कोषले गरिरहेको बताउनुभयो। उहाँका अनुसार कोषले निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विशेष सेवातर्फका राष्ट्रसेवक कर्मचारीहरुका साथै शिक्षक, सार्वजनिक संस्थान तथा निजी प्रतिष्ठानका कर्मचारीहरुसमेत गरी ५ लाख ७५ हजारभन्दा बढी नियमित सञ्चयकर्ताको करिब ५ खर्ब १८ अर्ब ४८ करोड रुपैयाँको सञ्चय कोष रकम व्यवस्थापन गरिरहेको छ।

उहाँले २०७६ साउनदेखि नयाँ नियुक्त भएका नेपाल सरकारको निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल विशेष सेवाका करिब ८० हजार ४ सय योगदानकर्ता कर्मचारीहरुको करिब ११ अर्ब २१ करोड निवृत्तभरण कोषको व्यवस्थापन गरिरहेको बताउनुभयो। सञ्चय कोष र निवृत्तभरण कोषको समेत गरी कुल स्रोततर्फ करिब ५ खर्ब ७१ अर्ब ३३ करोड रहेको छ।

मकवानपुरसहित बारा, पर्सा र चितवन जिल्ला कार्यक्षेत्र रहेको हेटौंडा शाखाले आर्थिक वर्ष २०८०/८१ मा घर सापटी, घर मर्मत, जग्गा खरिद र सरल सापटीतर्फ २ हजार ८ सय ६१ सञ्चयकर्तालाई २ अर्ब ५९ करोड २८ लाख रुपैयाँ लगानी गरेको छ। यस्तै, सामाजिक सुरक्षण कार्यक्रमअन्तर्गत काजकिरिया अनुदान, दुर्घटना क्षतिपूर्ति, औषधी उपचार, सुत्केरी तथा शिशु हेरविचार सुविधाअन्तर्गत १ हजार ६ सय ७८ जनालाई १ करोड ५१ लाख रुपैयाँ प्रदान गरेको छ।

कोषले स्वरोजगारमा संलग्न व्यक्तिहरुको सञ्चयकोष योगदानको व्यवस्थापन गर्ने र विभिन्न प्रकारका योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरुको कार्यान्वयनबाट संकलित दीर्घकालीन वित्तीय स्रोत एवम् अन्य सम्पत्तिलाई आयआर्जनका क्षेत्रमा लगानी गर्ने काम गरिरहेको उहाँले बताउनुभयो। उहाँले प्रदेशका कर्मचारी, स्थानीय तहका कर्मचारी र शिक्षकहरुको समेत योगदानमा आधारित निवृत्तिभरण प्रणालीमा जानुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको बताउनुभयो। यसलाई समयमै सम्बोधन गर्न नसकिए दीर्घकालमा सरकारको वित्तीय दायित्व बढ्दै जाँदा कर्मचारीको निवृत्तिभरण सुविधा नै जोखिममा पर्नसक्ने सम्भावना रहने उहाँले बताउनुभयो। कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख कृष्णहरि शर्मा र जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजाललगायतको आतिथ्य रहेको थियो।


## पल्पसा सदन

हेटौंडा, मकवानपुर

**पल्पसा सदनको सुधार तथा स्तरोन्नतीको लागि शिलबन्दी दरभाउ मागको बोलपत्र आह्वान सम्बन्धी सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/०१*

मकवानपुर उद्योग वाणिज्य संघको स्वामित्वमा रहेको पल्पसा सदनको दोश्रो तल्ला सुधार तथा स्तरोन्नती गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८१ असोज ७ गते) भित्र निर्माण कार्य गर्न ईजाजत प्राप्त फर्म/कम्पनीले शिलबन्दी दरभाउको बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। कोटेशन फारम संघबाट उपलब्ध गराइने छ।

**नोट**: निम्न बमोजिमको कागजात पेश गर्नु पर्नेछ।
१) निर्माण गर्न इच्छुक फर्म/कम्पनीको इजाजत पत्र चालु आ.व को नवीकरण भएको हुनुपर्नेछ।
२) फर्म/कम्पनीको गत वर्षसम्मको करचुक्ता पेश गर्नुपर्नेछ।
३) विल भुक्तानीको लागि भ्याट बिल अनिवार्य पेश गर्नुपर्नेछ।
४) मउवासंघको सदस्यलाई विशेष ग्राह्यता दिइने छ।
५) अन्य आवश्यक जानकारीको लागि संघमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

पल्पसा सदन
हेटौंडा-२, मकवानपुर
०५७५२०३१०/५२३३१०
मिति: २०८१ असोज १ गते



## हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...



**असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ**

**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

**हेटौंडा-काठमाडौं-हेटौंडा** **हेटौंडा-बीरगन्ज-हेटौंडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

**१५ पटकको यात्रापछि एउटा टिकट निशुल्क।**

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र।
हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समय: बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे।

भेष खड्गी, सञ्चालक

**हाम्रो ईभी सेवा**

हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०


# दुई जिल्लामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको दुई जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन र दोलखामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५, चौतारामा एक जना वृद्धको मृत्यु भएको छ। मृतकको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ।

आइतबार चौतारीमा वृद्ध सामान्य पेट दुखेको पखाला लागेको अवस्थामा फेला परेको भनी स्थानीयबाट ईलाका प्रहरी कार्यालय फुलबारीमा जानकारी प्राप्त हुना साथ वृद्धलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएको थियो। वृद्धको उपचारको क्रममा बेलुका ९ बजेर ५४ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-४, कोठेडाँडामा बोलेरो गाडी सडकबाट खस्दा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा दोलखा गौरीशंकर गाउँपालिका-३ बस्ने ७५ वर्षीया काली शेर्पा र ६० वर्षीया पसी शेर्पा रहेको प्रहरीले जानकारी दिएको छ। आइतबार जुगु भ्याकु भित्री कच्ची सडक खण्डमा सिंगटीबाट भ्याकुतर्फ जाँदै गरेको बा २० च ७२६६ नम्बरको बोलेरो गाडी सडकबाट २ सय मिटर तल खस्दा बोलेरोमा सवार ६ जना घाइते भएका थिए। घाइते काली र पसीको उपचारको क्रममा रोल्वालिङ सामुदायिक अस्पतालमा मृत्यु भएको थियो भने बाँकी घाइतेहरुलाई उपचारका लागि सामुदायिक अस्पताल सिंगटी लगिएको प्रहरीले जानकारी दिएको छ। शव पोष्टमार्टमका लागि पशुपती चौलागाई स्मृति अस्पताल चरिकोट लगिएको छ।


## नवयुवा बचत तथा ऋण सहकारी संस्थाको

**१६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ।

**तपसील**
मिति: २०८१ असोज ५ गते शनिबार
समय: बिहान १०:३० बजे
स्थान: नवलपुर पार्टी प्यालेस

अध्यक्ष
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-११, नवलपुर (०५७-५२४७३४)



## श्री बागमती आधारभूत विद्यालय

वाग्मती-५, लितिखोला (बगेरी), मकवानपुर

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मिति: २०८१।०६।०१*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति: २०८१।०५।३० गतेको च.नं. ३८० को प्राप्त विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशील**
विज्ञापन नम्बर : ०१/२०८१/०८२
पद : शिक्षक
पद सङ्ख्या : १ (एक)
तह : निमावि
विषय : गणित
नियुक्तिको प्रकार : अस्थायी करार
शैक्षिक योग्यता : गणित मूल विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको।
तलब भत्ता : नेपाल सरकारको नियमानुसार।
उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
दरखास्त दस्तुर : १०००/-
दरखास्त दिने अन्तिम मिति : २०८१।०६।१५ गते कार्यालय समय भित्र
दरखास्त दिने स्थान : श्री बागमती आधारभूत विद्यालय, बागमती-५ बगेरी, मकवानपुर
सम्पर्क मिति २०८१/०६/१६ गते
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ।
परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र प्रयोगात्मक।

**आवश्यक कागजातहरु-**
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
अध्यापन अनुमतिपत्रको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति

**पुनश्च**: रित नपुगेको र म्याद नाघेर आएको दरखास्त स्विकृत गरिने छैन। शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन पेश हुन आएमा त्यस्तो उम्मेदवारलाई सिधै नियुक्ति दिइने जानकारीका लागि अनुरोध गरिन्छ।
टाढाबाट दरखास्त पेश गर्नुहुने उम्मेदारहरुका लागि Email Id–bagmatiaabio@gmail.com मा व्यक्तिगत विवरणसहितको निवेदन सम्पूर्ण कागजातहरु र shree Bagmati Aadharbhut Bidhyalay को नाममा रहेको सानिमा बैंक झुरझुरे शाखाको खाता नं. ०६२०१००१००००१२ मा राजस्व दाखिला गरेको भौचरसहित मेल गर्न सकिने छ।

**सम्पर्क: वि.व्य.स अध्यक्ष ९८४०५०६०३०, वि.व्य.स.स. ९८६२५६८२९०, प्र.अ.- ९८४५६१८३१६**

**प्रधानाध्यापक**

## मकवानपुर जिल्ला लिग फुटबल

# न्यू कम्बाइन, हटिया, पदमपोखरी र पिप्ले विजयी




*म्यान अफ द म्याच हटिया स्पोर्टस् एकेडेमीका साजन मोक्तानलाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता अन्तर्गत सोमबार भएको न्यू डाँफे युथ क्लब र गोर्खा ब्वाइज क्लबबीचको खेल १-१ गोलको बराबरीमा सकिएको छ। हेटौँडा-६ स्थित गौरीटार रंगशालामा भएको पहिलो न्यू डाँफे र गोर्खा ब्वाइजको खेल बराबरीमा रोकिँदा दोस्रो खेलमा एफसी मल्टिभिजनलाई २-० गोलअन्तरले हराउँदै न्यू कम्बाइन विजयी भएको छ ।

पहिलो खेलमा डाँफेका सुशान्त तामाङले र गोर्खा ब्वाईजका मनोज घलानले गोल गरेका हुन् । म्यान अफ द म्याच गम्भीर थिङ घोषित भएका छन् । यस्तै सिमलटार खेलमैदानमा भएको पहिलो खेलमा सानोपोखरालाई १-० गोलअन्तरले हराउँदै हटिया स्पोर्टस् विजयी भएको छ। हटियाको जीतमा साजन मोक्तानले निर्णायक गोल गरेका हुन् । म्यान अफ द म्याच मोक्तान घोषित भएका छन् ।

यस्तै ७ नम्बर फुटबल क्लबलाई २-० गोलअन्तरले हराउँदै पदमपोखरी फुटबल क्लब विजयी भएको छ । पदमपोखरीको जीतमा सुमन थिङ र विवश थिङले समान एक-एक गोल गरे । म्यान अफ द म्याच रोजल थिङ घोषित भएका छन् । पिप्ले युवा क्लबले हेटौँडा फुटबल एकेडेमीलाई ५-१ गोलअन्तरले पराजित गरेको छ ।

प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

## वडास्तरीय टि-२० क्रिकेट

# वडा-८ 'ए', वडा-२ र वडा-१६ विजयी

समाज संवाददाता

हेटौँडाः हेटौँडा आइतबारबाट सुरु भएको वडास्तरीय टि-२० क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको पहिलो खेलमा हेटौँडा-८ 'ए' विजयी भएको छ । हेटौँडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा जारी प्रतियोगितामा सोमबारको पहिलो खेलमा हेटौँडा-१८ लाई हेटौँडा-८ 'ए' ले ४ विकेटले पराजित गरेको हो । टस हारेर पहिलो व्याटिङको निम्तो पाएको हेटौँडा-१८ ले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८१ रन बनाएको थियो । हेटौँडा-१८ बाट निश्चल खतिवडाले सर्वाधिक ४१ रन बनाउन सफल भए । यस्तै रुप सागर दुलालले १५ रन बनाए ।

बलिङतर्फ स्पन्दन क्षेत्री, गौरव खड्का र सुरज भट्टराईले समान दुई-दुई विकेट लिएका थिए । गोकुल चौलागाईं र भुवन थापाले भने समान एक-एक विकेट लिए । हेटौँडा-१८ दिएको ८१ रनको लक्ष्य पछ्याएको हेटौँडा-८ 'ए' ले १२ ओभर ५ बलमा ६ विकेट गुमाएर लक्ष्य भेट्टायो । हेटौँडा-८ का सन्देश ढकालले सर्वाधिक २१ रन जोड्न सफल भएका थिए । यस्तै निरज देउवानले १८ रन बनाउन सफल भए । भुवन थापाले ८ रन मात्र जोड्न सफल भए । बलिङतर्फ रुपसागर दुलाल र रिवाज बानियाँले समान दुई-दुई विकेट लिन सफल भए । म्यान अफ द म्याच सुरज भट्टराई घोषित भए ।

यस्तै सोमबार भएकै दोस्रो खेलमा हेटौँडा-२ विजयी भएको छ । हेटौँडा-९ लाई ५ विकेटले हराउँदै हेटौँडा-२ विजयी भएको हो । टस जितेर पहिलो व्याटिङ गरेको हेटौँडा-९ ले निर्धारित २० ओभरमा ८ विकेटको क्षतीमा १ सय ९ रन जोड्न सफल भएको थियो । वडा-९ बाट सुलभ पौड्यालले २४ रन बनाए । विमल घलानले २३ रन, मन्दिप घलानले २२ रन र सुजित खतिवडाले १० रन जोडे । बलिङतर्फ वडा-२ बाट कुन्दन कंशाकार र अंकुश साहले समान दुई-दुई विकेट लिएका थिए । जवाफी व्याटिङमा उत्रिएको वडा-२ ले १३ ओभरमा ५ विकेट गुमाएर हेटौँडा-९ ले दिएको १ सय ९ रनको पूरा गरेको थियो । वडा-२ बाट शुभ कंशाकारले सर्वाधिक ४६ रन बनाउन सफल भएका थिए । यस्तै पिउस शर्माले २० रन बनाएका थिए भने सुरज कंशाकारले १० रन बनाएका थिए । हेटौँडा-९ बाट सागर स्याङ्तानले ३ विकेट लिएका थिए । इरोज राइ र सुलभ पौड्यालले समान एक-एक विकेट लिएका थिए । म्यान अफ द म्याच शुभ कंशाकार घोषित भए ।

यस्तै सोमबार नै भएको तेस्रो खेलमा हेटौँडा-१६ विजयी भएको छ । हेटौँडा-८ 'बी' लाई ४ रनले हराउँदै हेटौँडा-१६ विजयी भएको हो । टस जितेर पहिले व्याटिङ गरेको हेटौँडा-१६ ले १७ ओभर ३ बलमा सबै विकेट गुमाएर ९९ रन जोड्न सफल भएको थियो । १६ नम्बर वडाबाट सौगात प्रजाले २७ रन बनाउन सफल भएका थिए । यस्तै अनिष सापकोटाले २५ रन जोडका थिए । किरण चौलागाईंले १९ मात्र जोडेका थिए । बालिङतर्फ हेटौँडा-८ बाट सन्देश भट्टराईले सर्वाधिक ४ विकेट लिएका थिए । राजेश पराजुली, कवपाल अधिकारी र कृष्ण पन्तले समान दुई-दुई विकेट लिएका थिए ।

हेटौँडा-१६ ले दिएको ९९ रनको लक्ष्य पछ्याएको हेटौँडा-८ ले १६ ओभर ४ बलमा १० विकेट गुमाएर ९५ रन मात्र जोड्न सफल भएको थियो । हेटौँडा-८ बाट कशपल पन्थले सर्वाधिक २१ रन बनाउन सफल भएका थिए । यस्तै उमेश देउजाले १७ रन बनाएका थिए । हेटौँडा-१६ बाट विरेन श्रेष्ठ र अनिश सापकोटाले समान ३-३ विकेट लिएका थिए। किरण चौलागाईँले २ विकेट लिएका थिए। म्यान अफ द म्याच अनिष सापकोटा घोषित भए ।

नेकपा एमाले ८ नम्बर वडा कमिटीको सहयोग तथा नेपाल खेलकुद महासंघ वडा कमिटीको आयोजनामा प्रतियोगिता भएको हो । धर्मराज पुडासैनीको संयोजकत्वमा भएको प्रतियोगितामा १९ टिमको सहभागिता रहेको छ। प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उत्कृष्ट मार्चपास गर्ने टिमहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। लामो सयमदेखि खेलक्षेत्रमा योग्दान पुऱ्याउने व्यक्तिलाई सम्मान गरिने छ। प्रतियोगिता आयोजनाका लागि ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

## राष्ट्रिय भेट्रान्स फुटबल

# उपाधिका लागि पूर्वेली र फ्रिडम फाइटर भिड्दै




*फाइनल प्रवेश गरेको काठमाडौंको फ्रिडम फाइटर भेट्रान्स टिम ।*

समाज संवाददाता

हेटौँडाः जलन उपचार केन्द्र स्थापना गर्न आर्थिक सहयोग जुटाउने उद्देश्यले रोटरी क्लब अफ मकवानपुरले आयोजना गरेको राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको उपाधिका लागि झापाको पूर्वेली भेट्रान्स र काठमाडौंको फ्रिडम फाइटर बीच भिडन्त हुने भएको छ । तेस्रो संस्करणको रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको तेस्रो संस्करणमा नयाँ टिम विजेता बन्नेछ। यसअघिका दुबै संस्करण चितवन भेट्रान्सले जितेको थियो ।

सोमबार बिहान हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको सेमीफाइनल खेलमा सर्लाहीको हरिवन भेट्रान्सलाई १०-० गोलको फराकिलो अन्तरले पराजित गर्दै फ्रिडम फाइटर फाइनल प्रवेश गरेको हो । पहिलो हाफ ४-० ले पछि परेको हरिवन दोस्रो हाफमा थप ६ गोल व्यहोर्दै फराकिलो अन्तरले पराजित हुन पुगेको हो। यसअघि आइतबार भएको पहिलो समीफाइनल खेलमा जीतपुर-सिमरा उपमहानगरपालिकाको नवजनजागृति भेट्रान्स सिमरालाई १-० गोलले हराउँदै झापाको पूर्वेली भेट्रान्स फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोकृष्ट गोलरक्षक, डिफेन्स, मिडफिल्डर र फरवार्डले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन् ।

# अवैध सामान बरामद

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट अवैध सामानसहित ३ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। आइतबार प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले पथलैयाबाट हेटौँडातर्फ आउँदै गरेको डब्लु बी ४९ एन २१७८ नम्बरको भारतीय यात्रुबाहक बसलाई रोकी सुरक्षाजाँच गर्दा अवैध सामान फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

आइतबार बेलुका ७ बजेर ३० मिनेटको समयमा विशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले उक्त बसबाट १३ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद भएको जनाएको छ। प्रहरीले बसचालक भारत पश्चिम बंगालका ३१ वर्षीय सदाम खान, अर्का चालक पश्चिम बंगालका ३८ वर्षीय काली मुडी र सहचालक ३० वर्षीय जयदेव हेमरामलाई सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट अवैध सामान बरामद गरेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले उनीहरुको शरीर तथा उक्त बस समेतको खानतलासी गर्दा सो बसको विभिन्न भित्री भागमा फल्स बटम ल्याएको अवस्थामा सामान बरामद गरेको थियो। प्रहरीका अनुसार बरामद गरिएको समान र बससहित ३ जना भारतीय नागरिकलाई थप अनुसन्धान तथा कारवाहीका लागि सोमबार राजस्व अनुसन्धान कार्यालय पथलैया पठाइएको छ ।

# म्यानेजमेन्टको बास्केटबलमा बीआइएम र व्यवस्थापन संकाय विजयी

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सको आयोजनामा जारी बास्केटबल प्रतियोगिताअन्तर्गत सोमबारको पहिलो खेलमा बीआइएम संकाय विजयी भएको छ । म्यानेजमेन्ट कलेजको बास्केटबल कोर्टमा भएको पहिलो खेलमा विज्ञान संकायलाई ५८-१६ अंकले हराउँदै बीआइएम विजयी भएको हो ।

सोमबारै भएको दोस्रो खेलमा कक्षा-१२ को व्यवस्थापन संकाय विजयी भएको छ । बीसीएलाई १७-१५ अंकले हराउँदै व्यवस्थापन संकाय विजयी भएको हो । गतवर्ष जस्तै यस वर्ष पनि प्रतियोगितालाई निरन्तरता दिएको हो ।

आइतबार भएको पहिलो खेलमा बीसीएले होटल म्यानेजमेन्टलाई ४०-१९ को अंकले हराउँदै विजयी भएको थियो भने कक्षा-११ को व्यवस्थापन संकायलाई ५३-२६ अंकले हराउँदै बीआइएम विजयी भएको थियो । प्रतियोगितामा ६ वटा छात्र र २ वटा छात्रा गरी जम्मा ८ टिमको सहभागिता रहेको छ। मंगलबारको पहिलो खेलमा कक्षा-११ को व्यवस्थापन संकाय र विज्ञान संकायबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रोमा होटल म्यानेजमेन्ट र कक्षा-१२ को व्यवस्थापन संकायबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल बुधबार हुनेछ। प्रतियोगिताको विजेताले ७ हजार रुपैयाँ र उपविजेताले ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

**Admission Open !!!**

+2

Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

**हेटौँडा- सिटि कलेज (जेनिथ मावि)**

हेटौँडा-५, पिप्ले

**डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी पून: प्रवेश परीक्षा फारम सम्बन्धी सूचना**

यस मकवानपुर टेक्निकल ईन्ष्टिच्यूट हेटौँडामा शैक्षिक सत्र २०८१/०८२ का लागि डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी संकायमा केहि सिट रिक्त रहन गएकोले पुनः प्रवेश परीक्षाको फारम खुलेको हुनाले मिति २०८१/०६/०१ गतेदेखि २०८१/०६/०३ गतेका दिन बेलुकी ५ बजे भित्र परीक्षा फारम बुझाउन हुन जानकारी गराईन्छ ।

अमिस सूवेदी, प्रिन्सिपल

**मकवानपुर टेक्निकल ईन्ष्टिच्यूट**

हेटौँडा-५, मकवानपुर

०५७-५२१८५२/९८५५०१२८५२

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.को २४औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. को २४औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस., सामाजिक सञ्जाल, एफएम रेडियोबाट जानकारी गराइसकेका छौं । यदि विशेष कारणवस सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भई दिनुहुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः २०८१ असोज ३ गते (संविधान दिवस)
समयः बिहान १०:०० बजे
स्थान : रोयल प्यालेस, हेटौँडा-४ मेनरोड

मिठाराम दाहाल
अध्यक्ष एवम्

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौँडा-२, मकवानपुर

०५७-५२४३५५, ५२४५७१, ५३०५७१

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ